# हरिपुर नगरपालिका कार्यालय
## हरिपुर, सर्लाही
बजार ठेक्का सम्वन्धी

७ दिने सुचना

दोस्रो पटक प्रकासित मिति २०७८।०५।२४

सुचना नं. : १/२०७८/०७९

यस कार्यालयबाट २०७८।०७९ तथा उल्लेखित अवधीको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ को उपदफा २ को खण्ड ग अनुसार देहायको शर्त बमोजिम तपसिलमा उल्लेखित हाट बजारको ठेक्का बन्दोवस्ती गरी सेवा शुल्क (आय) संकलन गर्नु पर्ने भएकोले इच्छुक ब्यक्ति वा कम्पनीले यस नगरपालिकाबाट दरभाउ पत्र फाराम खरिद गरी तपसिलमा उल्लेखित समय अवधी भित्र पेश गर्न हुन सम्वन्धीत सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

सूचना नं. १।२०७८।०७९ ठेक्का बन्दोवस्ती गर्न प्रयोजनको लागि हाटबजारको नाम र न्युनतम् तथा फाराम दस्तुर।

| सि.नं | ठेक्काको किसिम | वजार लाग्ने क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १.२ | लक्ष्मीपुर गुदरी बजार | लक्ष्मपुिर बजार | २,२१,०००।०० | १०००।– | |
| १.३ | पिडारी गुदरी वजार | पिडारी बजार | १,८८,२००।०० | १०००।– | |
| १.६ | हजार विघा गुदरी बजार | हजारविघा बजार | १०,०००।०० | १०००।– | |

**शर्तहरु :**

१. ईच्छुक दरभाउ-पत्र दाताहरुले रु १००० (एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरी कार्यालयको नगदी रसिद वा बैंक भौचर संलग्न गरी यो सूचना दोस्रो पटक प्रकासित भएको मितिले ७ दिन वा मिति २०७८।०५।३० गते बुधवार ५ बजे कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गरी सक्नुपर्नेछ ।

२. खरिद गरिएको दरभाउ-पत्र फाराम भरी दर्ता गर्ने अन्तिम मिति २०७८।०५।३१ गते विहीवार दिनको १२ बजे भित्र र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ दर्ता भएको दरभाउ-पत्र सोही दिन दिनको २ बजे दरभाउ-पत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउ-पत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएको अवस्थामा दरभाउ-पत्र फाराम खोल्न बाधा पर्नेछैन

३. दरभाउ-पत्र फाराम खरिद एवं दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

४. शर्त सहितको दरभाउ-पत्र फाराम मूल्याङ्कनमा समावेश गरिनेछैन । दरभाउ-पत्र दाताले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पस्ट लेख्नुपर्नेछ, अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ । काटेको अंक र अक्षरमा दरभाउ-पत्र दाताको दस्तखत गर्नुपर्नेछ अन्यथा मान्यता दिइनेछैन ।

५. दरभाउ-पत्र दाताले दरभाउ-पत्र दर्ता गर्दा आफुले बोल कबोल गरेको रकम अंकको ५% ले हुन आउने रकम एन आइ सि एशिया नेपाल हरिपुर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. **०४५२०५००२५९४९००८** खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नुपर्नेछ ।

६. ठेक्का स्वीकृत पश्चात दरभाउपत्रदाताले बोल कवोल गरेको जम्मा रकम दरभाउपत्रदाताले सम्झौताको समयमा ठेक्काको बोल कवोल गरेको सम्पूर्ण रकम कार्यालयमा एकमुष्ट बुझाउनु पर्नेछ । ठेक्काको एकमुष्ट रकम बुझाएमा ठेक्काको बोल कबोल गरेको कर बाहेकको रकमको अंकको सहुलियत स्वरुप १०% ले हुन आउने रकम छुट दिनेछ। ठेक्का अवधिमा अन्य कुनै किसिमको छुट, माफी, मिनाहा समेत मागदावी गर्न पाइनेछैन। स्वीकृत भएको दरभाउपत्रको सम्वन्धित दरभाउपत्रदाताले तोकिएको समयावधी भित्र कार्यालयमा सम्झौता गर्न नआएमा धरौटी जफत गरी निजलाई यस कार्यालयको कालो सूची (Black List) मा राखिनेछ ।

७. ठेक्का अवधी चालु आर्थिक वर्ष २०७८/०७९ को सम्झौता गरी कार्यादेश दिएको मितिदेखि प्रारम्भ भई २०७९ असार मसान्तसम्म मात्र हुनेछ ।

८. दरभाउपत्रको प्रत्येक पाना/पेजमा दरभाउपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ, ठेकेदार र कार्यालय बीच ठेक्काका शर्तहरुको सम्वन्धमा कुनै बिबाद सृजना भएमा हरिपुर नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ । सो निर्णय उपर कुनै उजुर बाजुर लाग्नेछैन ।

९. दरभाउ-पत्र फाराम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. यस सूचना र पट्टा/सम्झौतामा खुलाइएका शर्तहरुको हकमा सोही बमोजिम र अन्य शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ

प्रमुख प्रशासकीय अधिकृत